

तस्वीर : रासस

बाजुराको बुढीगङगा नगरपालिका–३ मा गहुँखेतीको हरियाली । सिँचाइ अभावका कारण यहाँका खेत आकाशे पानीको भरमा रोपाइँ हुने गर्छन् ।

# इला होटल एण्ड रिसोर्टको सीईओमा लक्ष्मण थापा



काठमाडौं (अस) । इला होटल एण्ड रिसोर्टको प्रमुख कार्यकारी अधिकृत (सीईओ)मा लक्ष्मण थापा नियुक्त भएका छन् । आइएमई हस्पिटालिटीको सञ्चालक समितिले थापालाई आज (चैत ५ गते)देखि लागू हुनेगरी उक्त पदमा नियुक्त गरेको हो । थापासँग आतिथ्य व्यवस्थापन क्षेत्रमा दुई दशकभन्दा बढी अनुभव रहेको छ । उनले नेपालसहित भानुआतु, माल्दिभ्स, मलेसिया, संयुक्त अरब इमिरेट्स तथा साउदी अरबलगायत विभिन्न मुलुकका उच्चस्तरीय होटल, रिसोर्ट र क्यासिनोमा नेतृत्वदायी भूमिकामा रही काम गरेको बताइएको छ ।

आइएमई हस्पिटालिटीमा आवद्ध हुनुअघि थापा सिद्धार्थ हस्पिटालिटी समूहमा प्रमुख सञ्चालन अधिकृतका रूपमा कार्यरत थिए । काठमाडौंको लाजिम्पाटस्थित हस्पिटालिटीले हिमालय, पोखराको लेकसाइड रिट्रिट, बागलुङ र गैंडाकोटस्थित होटल इलालगायत विभिन्न होटल तथा रिसोर्टको व्यवस्थापन हेर्छ ।

नियुक्तिपछि थापाले इला होटल एण्ड रिसोर्टको सेवा स्तर उकास्ने, सेवा संस्कृतिलाई सुदृढ बनाउने, इला होटल एण्ड रिसोर्टको नेटवर्कलाई नेपालको विभिन्न पर्यटकीय गन्तव्यसम्म पुऱ्याउने तथा दिगो र परिणाममुखी वृद्धि हासिल गर्ने दिशामा काम गर्ने प्रतिबद्धता व्यक्त गरे ।

# एमएडब्लु वृद्धिको 'मेगा एक्सचेन्ज कार्निभल'

काठमाडौं (अस) । एमएडब्लु वृद्धिले आफ्ना ईभी ब्रान्डहरू दिपल, अवतार, नामी र सेरेसलाई एउटै प्लेटफर्ममा समेटेर 'मेगा एक्सचेन्ज कार्निभल' आयोजना गर्ने तयारी गरेको छ । आगामी १२ चैतदेखि १४ चैतसम्म देशैभर आयोजना हुने मेगा एक्सचेन्ज मेला डिजाइन र प्रविधिमा अब्बल ईभीमा अपग्रेड हुने सबैभन्दा उत्तम समय हुने कम्पनीको भनाइ छ ।

मेगा एक्सचेन्जमा ग्राहकले प्रत्यक्ष नगद बचत, पुराना गाडीको उच्चतम मूल्यांकन, उत्कृष्ट एक्सचेन्ज बोनस, निःशुल्क बीमा तथा चार्जर प्याकेज र नेपालकै सबैभन्दा लामो एक्सटेन्डेड वारेन्टी जस्ता सुविधा प्राप्त गर्नेछन् । नेपालमा दिगो यातायाततर्फको रुपान्तरण तीव्र बन्दै गइरहेको अवस्थामा एमएडब्लु वृद्धि नविन तथा ग्राहक केन्द्रित पहलमार्फत ईभीको स्वामित्वलाई सहज बनाउन प्रतिबद्ध रहेको बताइएको छ

काठमाडौं उपत्यकामा गैरीधारास्थित सिल्भरओक बैंक्वेट, ललितपुर पुल्चोकस्थित संस्कार फाइन एन्ड डाइन र भक्तपुर राधेराधेस्थित हेरिटेज प्लायलेसमा मेला आयोजना गरिनेछ । उपत्यकाबाहिर भने दिपल, नामी तथा सेरेसका सम्बन्धित शोरूममा आयोजना हुनेछ ।

# जनउत्थान लघुवित्तको अनुशिक्षण कार्यक्रम




काठमाडौं (अस) । जनउत्थान सामुदायिक लघुवित्त वित्तीय संस्था लिमिटेडले ग्लोबल मनि विकको अवसर पारेर बुटवलमा रैथाने उत्पादनको संरक्षण र प्रवर्द्धनसम्बन्धी एकदिने अनुशिक्षण कार्यक्रम सम्पन्न गरेको छ । स्थानीय ज्ञान, शीप र कलामा आधारित उत्पादनको सम्भावना पहिचान तथा बजारीकरण गर्ने उद्देश्यले सो कार्यक्रम आयोजना गरिएको संस्थाले जानकारी दिएको छ ।

कार्यक्रमका बुटवल उपमहानगरपालिका-११ का अध्यक्ष रामचन्द्र क्षेत्रीले रैथाने पेसा र व्यवसायलाई प्रविधिसँग जोड्न सके विदेशिनु नपर्ने बताए । संस्थाका अध्यक्ष डा. मानबहादुर विकले पुर्ख्यौली पेसा र मौलिक शीपलाई व्यावसायिक रूप दिँदै उत्पादन वृद्धि गर्नुपर्नेमा जोड दिए । संस्थाले यस्ता कार्यक्रममार्फत रोजगारी सृजना र देशको अर्थतन्त्रमा टेवा पुग्ने विश्वास लिएको बताइएको छ ।

## मेटलाइफको 'युथ इकोनोमिक एम्पावरमेन्ट प्रोजेक्ट'

# दिगो जीविकोपार्जनका अवसरमा पहुँच विस्तारको लक्ष्य






काठमाडौं (अस) । मेटलाइफ फाउन्डेसनले प्लान इन्टरनेशनल नेपालको सहकार्यमा धनुषाको सबैला नगरपालिका र शहीदनगर नगरपालिकामा 'युथ इकोनोमिक एम्पावरमेन्ट प्रोजेक्ट'को दोस्रो चरण शुरू गरेको छ । यस चरणले विशेष गरी सीमान्तकृत युवा, विशेष गरी युवा महिलालाई सम्मानजनक तथा दिगो जीविकोपार्जनका अवसरमा पहुँच बढाउन सहयोग गर्ने बताइएको छ । फाउन्डेसनको ८० हवार अमेरिकी डलर सहयोगमा सञ्चालन हुने यो पहलले नेपालमा देखिएका रोजगारीसम्बन्धी चुनौतीलाई सम्बोधन गर्ने लक्ष्य राखेको बताइएको छ ।

यस परियोजनाले युवाको वित्तीय तथा डिजिटल साक्षरता सुदृढ गर्दै उनीहरूलाई सूचित आर्थिक निर्णय लिन, डिजिटल भुक्तानी प्रयोग गर्न तथा औपचारिक बैंकिङ सेवासँग जोडिन सक्षम बनाउनेछ । सौ बैंक, लघुवित्त संस्था तथा डिजिटल सेवा प्रदायकसँगको सहकार्यले सुरक्षित र प्रयोगमैत्री वित्तीय उपकरणमा पहुँच विस्तार गर्ने अपेक्षा गरिएको छ ।

यो पहलले धनुषामा अभिभावक, सामुदायिक अगुवा तथा स्थानीय जनप्रतिनिधिलाई सक्रिय रूपमा संलग्न गराई महिलाको आर्थिक सहभागितालाई सीमित गर्ने सामाजिक मान्यतामा सकारात्मक परिवर्तन ल्याउने प्रयास पनि गरिनेछ ।

यस पहलअन्तर्गत कृषि प्रशोधन, पर्यटन र प्रविधि जस्ता क्षेत्रमा बजारसँग मेल खाने व्यावसायिक तालीम प्रदान गरिनेछ, जसले युवालाई नेपालको बदलिँदो श्रम बजारसँग मिल्ने व्यावहारिक शीप विकास गर्न मद्दत गर्नेछ । वैदेशिक रोजगारीमा जान चाहनेका लागि प्रस्थानपूर्व तालीम तथा अन्तरराष्ट्रिय रूपमा मान्यता प्राप्त शीप प्रमाणीकरणको व्यवस्था पनि गरिनेछ, जसले शोषणको जोखिम घटाउन र रोजगारीको सुरक्षालाई बलियो बनाउन सहयोग पुऱ्याउने अपेक्षा गरिएको छ ।

# महिला उद्यमीलाई करसम्बन्धी तालीम




चितवन (अस) । चितवनका उद्योगी व्यावसायीको छाता संस्था चितवन उद्योग वाणिज्य संघले महिला उद्यमीलाई लक्षित गरी कर तथा मूल्य अभिवृद्धि करसम्बन्धी तालीम दिएको छ । तालीम महिला उद्यमलाई आयकर तथा मूल्य अभिवृद्धि कर लगायत मिसम्याच एवम् करका नीतिका बारेमा जानकारी गराउने उद्देश्यले तालीमको आयोजना गरिएको बताइएको छ । तालीममा जीआईजेड आरएसआरएसडीले सहयोग गरेको हो ।

संघका अध्यक्ष चिरञ्जीवी सुवेदीले करका नीति नियम तथा कर सम्बन्ध कार्यमा व्यवसायीलाई सहज गराउने उद्देश्यले तालीमको आयोजना गरिएको बताए । आन्तरिक राजस्व कार्यालय भरतपुरका प्रमुख कर अधिकृत पुण्यविक्रम खड्काले करसम्बन्धी जानकारी व्यवसायीका लागि अनिवार्य भएको बताए । तालीममा विमन कार्की, विकास तिवारी, विशाल भट्टराई र कविता चौधरीले सहजीकरण गरेका छन् । तालीममा ८० जना महिला उद्यमीको सहभागिता छ ।

# बरण्डाभार जङ्गल क्षेत्रमा हाइकिङ र सन्ध्याकालीन सफारीको तयारी



चितवन । चितवनको बरण्डाभार जङ्गल क्षेत्रमा पर्ने टिकौलीदेखि पञ्चकन्या र चर्तुमुखी सामुदायिक वनसम्म करीब १२ किलोमिटर दुरीमा जिप सफारीसँगै हाइकिङ र सन्ध्याकालीन सफारीको सम्भावना रहेकाले यसको अध्ययन तथा व्यवस्थापनका लागि डिभिजन वन कार्यालय सक्रिय भएको छ ।

यहाँका सामुदायिक वनसँग आम्दानी र जैविक पर्यटनलाई जोड्न कार्यालयले अध्ययन थालेको हो । सोहीअनुरूप मंगलवार डिभिजन वन कार्यालयका प्रमुख विष्णुप्रसाद आचार्यसहित भरतपुरस्थित सप्तगण्डकी बहुमुखी क्याम्पसमा वातावरण विज्ञान अध्ययनरत विद्यार्थी, शिक्षक, संरक्षणकर्मी तथा नेचर गाइडहरूको टोलीले सो क्षेत्रमा पदयात्रा (हाइकिङ) गरी अध्ययन र अवलोकन अघि बढाएको छ ।

पदयात्रा क्रममा यहाँ आवश्यक पूर्वाधार, वन्यजन्तु, चराचुरुङ्गी, वनस्पति, सुरक्षा व्यवस्था र भ्यू पोइन्ट व्यवस्थापनको अवलोकन गरिएको थियो । जिल्लाको इच्छाकामनाबाट शुरू हुने खगेरी खोला सिंचित क्षेत्रले जैविक पर्यटनका लागि सम्भावना प्रदान गरेको हुँदा यस क्षेत्रमा पदयात्रा र सन्ध्याकालीन सफारी महत्त्वपूर्ण कार्य हुने सरोकारवालाले बताएका छन् ।

डिभिजन प्रमुख आचार्यले यस विकासका लागि दूरदृष्टिसहित योजना बनाएर अघि बढेको बताउँदै उनले भने, 'चितवनको पर्यटन भन्नासाथ सौराहा र कसरा मात्रै हेर्ने गरिन्छ, तर डिभिजन वन कार्यालयको क्षेत्राधिकारभित्र रहेका सामुदायिक वन क्षेत्र राम्रो पर्यटन गन्तव्य हुन सक्छन् ।' उनले उक्त क्षेत्र ताल-तलैया, घाँसे मैदानको अवस्थाका कारण वन्यजन्तु व्यवस्थापन र पर्यटनका लागि नेपालको एउटा महत्त्वपूर्ण गन्तव्य बन्न सक्ने बताए ।

पर्यटनका लागि जिप सफारी सञ्चालन गरिएको छ । त्यहाँ हाइकिङ र सन्ध्याकालीन सफारी पनि गर्न सकिन्छ । यस क्षेत्रमा सन्ध्याकालीन सफारीका लागि नयाँ अभ्यास गर्न सकिन्छ । निकुञ्जमा सन्ध्याकालीन सफारी सम्भव नभएकाले यहाँ साँझको समयमा वन्यजन्तु अवलोकन गर्न सफारी सञ्चालन गर्न सकिने डिभिजन प्रमुख आचार्यले जानकारी दिए र सोहीअनुसार कार्य योजना तयार पार्न लागिएको उनले बताए ।

चर्तुमुखी सामुदायिक वनका अध्यक्ष हरिकुमार गुरुङले सामुदायिक वनले रुख-दाउरा मात्रै बिक्री गरेर नभई फरक ढङ्गले पर्यटन प्रवर्द्धनमार्फत आम्दानी गर्ने उद्देश्यले जिप सफारी तथा पर्यटन गतिविधिलाई प्राथमिकताका साथ अघि बढाएको बताए । उनले वन कार्यालयसँगको समन्वयमा हाइकिङको सम्भावना अध्ययन गरिएको र यसबाट क्षेत्रको पर्यटन विकासमा थप टेवा पुग्ने विश्वास व्यक्त गरे । अध्यक्ष गुरुङका अनुसार यहाँ पर्यटकले रात बिताउन सक्ने गरी मचानघर निर्माण समेत गरिएको छ ।

उक्त क्षेत्रबाट बाघ, गैंडा लगायतका वन्यजन्तु अवलोकन गर्न सकिने तथा विभिन्न चराचुरुङ्गीसमेत देख्न पाइने उनले बताए । डिभिजन वन कार्यलयले पर्यटन प्रवर्द्धनका लागि हौसला थप्दै सक्रियता देखाएकामा खुसी व्यक्त गर्दै, यस क्षेत्रको पर्यटन विकासका लागि आफूहरू सक्रिय रहने अध्यक्ष गुरुङले बताए ।

पञ्चकन्या सामुदायिक वनका अध्यक्ष कृष्णिप्रसाद बगालेले यहाँ सिमसार क्षेत्र, सिसौ वन, साल वन, खयर लगायत विभिन्न जडीबुटी भएको जङ्गल रहेको बताए । उनले यो क्षेत्र राजमार्ग र सौराहा नजिक रहेकोले पर्यटकका लागि थप आकर्षक गन्तव्य हुन सक्ने बताए । अध्यक्ष बगालेका अनुसार गत पुसदेखि यहाँ जिप सफारी सञ्चालन गरिएको छ र त्यसको सफलता देखिएकाले अब हाइकिङ र सन्ध्याकालीन जिप सफारीको सम्भावना छ । यसले पर्यटकका लागि नयाँ गन्तव्य सृजना गर्ने र वन उपभोक्ताका लागि थप आयको स्रोत बन्ने छ । पञ्चकन्या, चर्तुमुखी र भीमवली सामुदायिक वनमा सन्ध्याकालीन जिप सफारीको सम्भावना रहेको छ । *रासस*

# वन डढेलो नियन्त्रणका लागि सचेतनामूलक कार्यक्रम

दमौली (तनहुँ) । डिभिजन वन कार्यालय तनहुँले वन डढेलो नियन्त्रणका लागि सामुदायिक सचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने योजना अघि सारेको छ । वन क्षति न्यूनीकरण र समुदायलाई जिम्मेवार बनाउने लक्ष्यसहित समुदायस्तरमा पुगेर वन डढेलो नियन्त्रणका लागि सचेतनामूलक कार्यक्रम सञ्चालन गरिने डिभिजन वन कार्यालयका प्रमुख मनोज रानाभाटले जानकारी दिए ।

उनका अनुसार जिल्लामा ६२५ ओटा सामुदायिक वन छन् । बाँदर र अन्य वन्यजन्तुले बाली र वनस्पतिमा क्षति पुऱ्याएको भन्दै कतिपयले जानीजानी सामुदायिक वनमा डढेलो लगाउने गरेको पाइएकाले सचेतना कार्यक्रम आवश्यक रहेको रानाभाटले बताए । उनले भने, 'कतिपय स्थानमा किसानहरूले बाँदरले समस्या पुऱ्याएको भन्दै जानीजानी डढेलो लगाउने गरेको पाइन्छ । यसबाट वनमा व्यापक क्षति हुने र वातावरणीय सन्तुलन बिग्रने खतरा बढ्ने भएकाले सचेतनामूलक कार्यक्रमलाई प्राथमिकता दिएका छौं ।'

उनका अनुसार वन डढेलो सप्ताहव्यापी कार्यक्रमको लक्ष्य भनेको डढेलो लाग्न नदिनु र लागेमा सुरक्षित रूपमा नियन्त्रण गर्नु हो । 'वन डढेलो नियन्त्रणमा सबैभन्दा नजिक समुदाय छन् । त्यसैले सबै तहका समुदायलाई परिचालन गरेर सूचना, उपाय र सुरक्षासम्बन्धी प्रशिक्षण दिने योजना बनाइएको छ,' उनले भने ।

**वन क्षति न्यूनीकरण र समुदायलाई जिम्मेवार बनाउने लक्ष्यसहित समुदायस्तरमा पुगेर वन डढेलो नियन्त्रणका लागि सचेतनामूलक कार्यक्रम सञ्चालन गरिने ।**

प्रमुख रानाभाटका अनुसार प्रत्येक सामुदायिक वनमा आगो लगाउने जोखिम र त्यसबाट हुने नोक्सानीसम्बन्धी जानकारी प्रदान गरिनेछ । सुरक्षित डढेलो नियन्त्रण विधि ८८ र आकस्मिक अवस्था सामना गर्ने उपायबारे प्रशिक्षण गराइने उनको भनाइ छ ।

रानाभाटका अनुसार सर्वसाधारणले घर नजिकैको पातपतिङ्गर सफा गर्न डढेलो लगाइदिने र सोही डढेलो वन क्षेत्रमा सल्किने गरेको छ । वन डढेलो हामी सबैको साझा चुनौती भएकाले सबै मिलेर यसको सामना गर्नुपर्नेमा उनको भनाइ छ । उनले भने, 'वन डढेलोले तापक्रम बढाउनुका अतिरिक्त वन्यजन्तु तथा वनस्पतिको वासस्थान नष्ट गर्ने, माटो नाङ्गो र कमजोर बनाई भलको बहाव र गति बढाई भूक्षय, बाढी, पहिरो, डुबानजस्ता प्रकोपले धन, जन र सम्पदामा क्षति पुग्छ ।'

वन डढेलोले कम्तीमा दश प्रतिशत तापक्रम बढाउने प्रमुख रानाभाटले जानकारी दिए । डढेलोबाट भुइँमा झरेको रुखको बीउ डढेर उम्रन नपाउने, लाथ्रा अवस्थाको वनमा डढेलो लागेमा रुखमा धोद्रो हुने, डढेलोले वनमा भएको जैविक विविधतामा ह्रास आउने, वन्यजन्तुको वासस्थान विनाश भई त्यसको संरक्षण र विकासमा बाधा पुग्ने र वनमा लागेको आगो नजिकको गाउँघरमा सरी धनजनको क्षति हुने जोखिम हुने उनले बताए । *रासस*

किस्पाङ गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
काहुले, नुवाकोट, वागमती प्रदेश नेपाल

**बोलपत्र स्वीकृतका लागि आशयको सूचना**

( प्रकाशित मिति :२०८२/१२/०५)

यस कार्यालयबाट सार्वजनिक खरिद अनुगमन कार्यालयको विधुतीय **e-portal www.bolpatra.gov.np/egp** मार्फत मिति २०८२/१०/२८ गते प्रकाशित बोलपत्र अह्वानको सूचना बमोजिम रितपुर्वक दर्ता हुन आएका बोलपत्रहरु मध्ये तपसिल बमोजिमको बोलपत्र न्यूनतम मूल्याङ्कनको आधारमा सारभूत रुपमा प्रभावग्राही देखिएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ (२) र ४७ को प्रयोजनका लागि ७ (सात) दिने आशयको सूचना सम्बन्धित सबैको जानकारीका लागि प्रकाशन गरिएको छ ।

**तपसिल**

| क्र. सं | ठेक्का नं. | कामको विवरण | सारभुत रुपमा प्रभावग्राही बोलपत्रदाता वा फर्मको नाम र ठेगाना | कबोल अंक रु. (भ्याट र PS सहित) |
|---|---|---|---|---|
| 1. | KRM/NCB/ WORKS/ ROAD/06/ 2082/083 | Road Upgrading through Gogane Ghumti of Ward No. 2 Kispang Rural Municipality Nuwakot District Connecting to Taji | N.U. Realstate and Construction Pvt.Ltd.Rosi-09, Kavrepalanchok | Rs.19,91,872.46 |

प्रमुख प्रशासकीय अधिकृत

# जनकपुर स्वच्छता अभियान सञ्चालन गरिने

जनकपुर । धार्मिक तथा ऐतिहासिक महत्त्व बोकेको जनकपुरधामलाई स्वच्छ, सुन्दर र सफा सहर बनाउने अभियान शुरू गरिने भएको छ । जनकपुरधाममा मधेस प्रदेशका गृह, सञ्चार तथा कानून मन्त्रालयले बुधवार आयोजना गरेको सर्वपक्षीय बैठकबाट हिन्दूहरूको आस्थाको केन्द्रको रूपमा रहेका यहाँका ऐतिहासिक तथा धार्मिक सम्पदाको संरक्षणका लागि अभियान सञ्चालन गर्ने निर्णय भएको हो ।

धार्मिक क्षेत्रमा भएको अतिक्रमण हटाउने, फोहर व्यवस्थापन गर्ने, सरसफाइमा जोड दिने तथा ट्राफिक व्यवस्थापनमा तीनै तहका सरकारका समन्वय गरी स्वच्छता अभियान शुरू गर्ने निर्णयसमेत भएको छ ।

बैठकमा मधेस प्रदेश गृह, सञ्चार तथा कानुनमन्त्री फकिरा महतोले मधेस प्रदेशको राजधानी जनकपुरधामलाई विश्वका पर्यटकको लागि आकर्षकको केन्द्र बनाउने कार्ययोजनासहित रणनीति सर्वपक्षीय बैठकमा पेस गरेका थिए । उनले जनकपुरधामको मठमन्दिर, धर्मशाला र पोखरी संरक्षणसहित सडक सरसफाइ, ट्राफिक व्यवस्थापन, ई-रिक्साको व्यवस्थापन, हरियाली प्रवर्द्धन तथा नगरको शौन्दर्यीकरणका लागि कार्ययोजना पेस गरेका थिए ।

कार्यक्रममा मधेस प्रदेशका श्रम तथा यातायातमन्त्री मनिष सुमनले मधेस प्रदेशका जिल्लामा करीब ८४ हजारको संख्यामा ई-रिक्सा रहेको बताउँदै ई-रिक्सालाई व्यवस्थित गर्नका लागि कानून निर्माणको तयारी मन्त्रालयमा भइरहेको जानकारी दिए । उनले मधेसमा जनचेतनाको अभाव भएका कारण आफ्नो घरको फोहर सही तवरले व्यवस्थापन गर्न नसकेको कारणले नगर व्यवस्थित बन्न नसकेको बताए ।

धनुषाका प्रमुख जिल्ला अधिकारी प्रेमप्रसाद लुइँटेलले जनकपुरधाममा बढ्दो जनसंख्या र बाहिरबाट आउने तीर्थयात्रीको संख्या तथा शहरी क्षेत्रको बढ्दो चाँपका कारणले नगरको व्यवस्थापनका चुनौती देखिएको बताउँदै नगर प्रहरीको संख्या बढाउन सुझाव दिए । *रासस*